नेपाल सरकार
गृह मन्त्रालय

☎ ०७८-५४०७९९
☎ ०७८-५४०६१७
Fax: 078-540201
Email: cdonawalpur2074@gmail.com

# जिल्ला प्रशासन कार्यालय

नवलपरासी (बर्दघाट-सुस्ता पूर्व)
कावासोती

पत्र संख्या : ०७७/७८

मिति २०७७/०५/०३

**कोभिड-१९ को संक्रमण रोकथाम तथा नियन्त्रणको लागि नवलपरासी (बर्दघाट सुस्ता पूर्व) का प्रमुख जिल्ला अधिकारी पिताम्बर घिमिरेबाट जारी आदेश ।**

केही दिन यता जिल्ला भित्र कोभिड-१९ संक्रमणको बढ्दो क्रम, छिमेकी जिल्लाको अवस्था र मिति २०७७।०५।३ गते बसेको जिल्ला संकट व्यवस्थापन सञ्चालन केन्द्रको निर्णय समेतलाई विचार गरी कोभिड-१९ को संक्रमणबाट जनस्वास्थ्यमा खराब असर पर्न नदिनको लागि जिल्लाभर लागु हुने गरी यही मिति २०७७ साल भदौ ३ गते राती १२:०० बजे देखि लागु हुने गरी २०७७ साल भदौ ९ गते राती १२:०० बजे सम्मका लागि संक्रामक रोग ऐन, २०२० को दफा २ बमोजिम यो आदेश जारी गरिएको छ । जारी आदेशको अवज्ञा गर्ने/गराउनेलाई सोही ऐन अनुसार कारवाही हुने व्यहोरा समेत सूचित गराइन्छ ।

जारी आदेश अवधिभर रोक लगाइएका कार्य एवं गतिविधिहरु :

क) अत्यावश्यक दैनिक खाद्यवस्तुहरु - खाद्यान्न, औषधी, खानेपानी, दुध, ग्यास लगायतका पसलहरु बाहेकका अन्य पसल तथा व्यवसायहरु सञ्चालन गर्न

ख) विरामी, खाद्यवस्तु खरीद जस्ता अति जरुरी काममा बाहेक घर बाहिर निस्कन, हिडडुल एवं आवतजावत गर्न

ग) पूर्व-पश्चिम राजमार्ग क्षेत्र, सुरक्षाकर्मी, स्वास्थ्यकर्मीका सवारी साधनहरु, मालवाहक ढुवानीका साधनहरु, एम्बुलेन्स, दमकल, शववाहन, दुधबोक्ने गाडी एवं अनुमति प्राप्त सवारी बाहेक सबै प्रकारका सार्वजनिक तथा निजी (दुई पाङ्ग्रे समेत) सवारीका साधनहरु सञ्चालन गर्न

घ) मानिस भेला भई गरिने कुनै पनि प्रकारका सभा, समारोह, गोष्ठी, तालिम सेमिनार लगायत जमघट र भिडभाड हुने कार्य एवं गतिविधिहरु गर्न

ङ) मानिस भिडभाड र जमघट भई गरिने धार्मिक, सांस्कृतिक एवं सामाजिक (नित्य दैनिक पुजाआजा र मृत्यु संस्कार बाहेक) कार्य एंव गतिविधिहरु गर्न

च) अत्यावश्यक सेवा र सरकारी एवं सार्वजनिक निकायबाट न्यूनतम कर्मचारीको परिचालन गरी प्रवाह हुने सेवाहरु बाहेकका अन्य निकायबाट प्रवाह हुने सेवाहरु

पुनश्चः जिल्ला भित्र सञ्चालित उद्योग, प्रतिष्ठानहरुले आफ्नो परिसर भित्र स्वास्थ्य सुरक्षाका मापदण्ड (Protocol) को पूर्ण रुपमा परिपालना गरी उद्योग सञ्चालन गर्न सक्नेछन् ।

२०७७।०५।०३
प्रमुख जिल्ला अधिकारी

प्रशासन शाखा
सबैलाई जानकारी गराउन गराउने
प्रचारप्रसार गर्ने ।
५।३